आज मिति २०७८ साल जेष्ठ २८ गते शुक्रवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक तपसिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

उपस्थित

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | — |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | — |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | — |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | — |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | — |
| १८ | सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९ | तथ्यांक अधिकृत | श्री धन कुमार राई | |
| २० | प्रशासकीय अधिकृत | श्री बाबुराम [illegible] | |
| | | | |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर १ नं प्रदेश

मिति २०७८/०२/२९ कार्यपालिका वैठक संख्या २६

**प्रस्तावहरु:**

१. आमचोक गाउँपालिकाको १० औ गाउँसभा आह्वान सम्वन्धमा ।
२. गाउँसभाको कार्यतालिका स्वीकृत गर्ने सम्वन्धमा ।
३. महिला स्वास्थ्य स्वयं सेविका सम्मान सम्वन्धमा ।
४. आर्थिक सहायता सम्वन्धमा ।
५. मर्मत संभार गर्ने सम्वन्धमा ।

निर्णयहरु

१. उपरोक्त प्रस्ताव नं १ माथि छलफल भै आमचोक गाउँपालिकाको १० औं (वर्खे) गाउँसभा मिति २०७७/०२/१० मा आह्वान गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल भै आमचोक गाउँपालिकाको गाउँसभाको कार्यतालिका तपसिल वमोजिम हुने गरि स्वीकृत गरियो ।

तपसिल

| सि.न. | विवरण | मिति | समय | कैं. |
|---|---|---|---|---|
| १ | कार्यपालिका वैठक | | | |
| २ | राजस्व परामर्श समिति वैठक | जेष्ठ २९ | | |
| ३ | श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति | जेष्ठ ३१- असार ३ | | |
| ४ | पालिका/वडास्तरीय योजना छनौट तथा प्राथमिक निर्धारण | | | जेष्ठ ३१-अषाढ ३ सम्म |
| ५ | क पालिकास्तरीय शाखा अनुसारको वजेट तथा कार्यक्रमको विषयमा छलफल | | | |
| ६ | ख. गाउँपालिकास्तरीय सरोकारवालाहरुसँगको छलफल | | | |
| ७ | कार्यपालिकाका समितिस्तरीय वैठक | | | अषार ४-५ |
| | क. आर्थिक विकास समिति | | | असार ४ |
| | ख. सामाजिक विकास समिति | | | असार ४ |
| | ग. पूर्वाधार विकास समिति | | | असार ४ |
| | घ. वातावरण तथा विपत व्यवस्थापन समिति | | | असार ५ |
| | ङ. सेवा तथा सुशासन समिति | | | असार ५ |
| ७ | विधायन समिति | | | असार ५ |
| ८ | योजना तथा वजेट तर्जुमा समिति | | | असार ६ |
| ९ | गाउँ कार्यपालिकाको वैठक | | | असार ७ |
| १० | गाउँसभा | | | असार १०-२७ |
| | क. नीति कार्यक्रम तथा वजेट प्रस्तुती | | | असार १० |
| | ख. गाउँसभाले स्वीकृत गर्नुपर्ने अन्य विषयहरु पेश छलफल तथा स्वीकृती | | | असार २७ |

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नागका, भोजपुर १ नं प्रदेश

३. प्रस्ताव नं ३ माथि छलफल भै पालिकामा स्वास्थ्य स्वंयसेविका भै लामो समयदेखि सेवारत भै उमेर हदका कारण अनिवार्य अवकास हुने/भएका स्वास्थ्य स्वयंसविकाहरुलाई सम्मान कार्यक्रम गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल भै तपसिल वमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

क. आमचोक गाउँपालिका -२ स्थायी ठेगाना भै पत्रकारीता पेशामा आवद्ध श्री सुरेन्द्र राई कोभिड १९ को संक्रमणवाट विरामी भै कोशी अस्पताल-कोभिड १९ उपचार केन्द्र विराटनगरमा उपचरारत रहनुभएकामा पारिवारिक आर्थिक अवस्था कमजोर रहेका निजको उपचारका लागि रु ३०,०००।०० आर्थिक सहयोग गर्ने ।

ख. आमचोक गाउँपालिका -७ स्थायी ठेगाना भै प्रसुती हुँदाको अवस्थामा विरामी र उपचरारत विशाल राईको श्रीमती विनिसा राईलाई उपचारका लागि रु २०,०००।०० आर्थिक सहयोग गर्ने ।

ग. उज्वल प्रिन्टर्स, धरान -७ मुद्रण रहेको वालवालिकाको डाक्टर साथी पुस्तकका सम्पादक श्री देवेन्द्र कार्कीलाई उक्त प्रकाशनका लागि रु ५०,०००।०० आर्थिक सहायता प्रदान गर्ने ।

५. प्रस्ताव नं ५ माथि छलफल भै आमचोक गाउँपालिका ९ को जोगेपाथर स्थीत दिमालुङ कुलो मर्मतका लागि माग तथा सिफारिस भै आएकोमा प्राविधिक लागत अनुमान वमोजिम हुने आउने वजेट मर्मत संभार कोषवाट भुक्तानी हुने गरि मर्मत संभार गर्ने निर्णय गरियो ।

आमचोक गाउँकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, ...७४ को नियम ५ उपनियम १ बमोजिम प्रमाणीकरण गरिएको ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

आमचोक गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर १ नं. प्रदेश